दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक १९९ | बुटवल | २०८२ असार ३१ गते, मंगलबार | नेपाल संवत ११४५ | Tuesday July. 15, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## अनुशासनको कारबाहीलाई कोत पर्व : गगन



बुटवल । नेपाली कांग्रेसका महामन्त्री गगन थापाले पार्टीभित्र केही नेताहरूलाई गरिएको अनुशासनको कारबाहीलाई कोत पर्वजस्तै अनुशासन पर्वको संज्ञा दिएका छन् ।

कांग्रेसको बुद्धिजीवि विभागले काठमाडौंमा गरेको कार्यक्रममा सोमबार बोल्दै महामन्त्री थापाले पार्टीभित्र गरिएको अनुशासनको कारबाही समय, पार्टीको परम्परा र कानुन-विधानका हिसाबले पनि गलत भएको बताएका हुन् ।

'म त यो पार्टीको बैठक सकिएपछि म पाँच सात दिनलाई बाहिर गएँ, फर्केर आइसकेपछि अब सबै भातृ संस्थाको अधिवेशन गराउने, विभागहरुलाई पनि बोलाएर हामीले एउटा कार्यक्रम गर्ने भनेर सोचिरहेका छौं,' उनले भने-'तर यो बीचमा एउटा नमिठो घटना पार्टीभित्र भयो ।'

उनले थपे-'हामी अहिले चौतर्फी घेराबन्दीमा छौं, यो बेलामा पार्टीभित्र जसरी एउटा कोतपर्व जस्तै अनुशासन पर्व चल्यो, न यो समयको हिसाबले ठीक भयो, न यो पार्टी परम्परा, न पार्टीको कानुन र पार्टीको विधानको हिसाबले ठीक छ ।'

थापाले अनुशासनको कारबाहीले पार्टीलाई थप कमजोर बनाउने टिप्पणी गरे ।

अनुशासनहीनहरूलाई कारबाही गर्ने यो तरिकाले पार्टीभित्र भइरहेका सत्प्रयासहरू कमजोर बनाउने उनले बताए । 'पार्टीका दुई महामन्त्री सबैतिर समस्याको घाउ मिलाउँदै, गाली खाँदै हिँड्ने अनि पार्टीमा जिम्मा लिएकोले कहिले एउटाले एक ठाउँमा गल्ती गर्दिएको छ, कहिले आगो लगाइदिएर यसलाई सम्हाल्न गाह्रो हुन्छ ।'- उनले भने ।

पार्टीभित्रको एकता कायम गर्ने कुरामा नेतृत्वले ध्यान पुऱ्याउने पर्ने महामन्त्री थापाले बताए ।

यसैबीच महामन्त्री थापाले घुस काण्डमा मुछिएका संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्तालाई तत्काल बर्खास्त गर्न आग्रह गरेका छन् ।

मन्त्री गुप्ताको घुस काण्डको अडियो सार्वजनिक भएको छ । बहालवाला मन्त्रीले गल्ती नगरेको भए तुरुन्त राजीनामा दिएर ममाथि छानबिन होस् भन्नुपर्ने थापाले बताए ।

'आफूले गल्ती गरेको होइन भन्ने आँट पनि छैन । प्रधानमन्त्रीले तुरुन्त मन्त्रीलाई बर्खास्त गरिहाल्नुहोला भन्ने मेरो अपेक्षा थियो । यसबारेमा टिप्पणी नै गर्नुपर्दैन होला भन्ने लागेको थियो,' थापाले भने-'तर टिप्पणी गर्नुपर्ने अवस्था आयो । प्रधानमन्त्रीज्यूलाई अनुरोध गर्छु । तपाईंले तत्काल तपाईंको मन्त्रीलाई बर्खास्त गर्नुस् ।'

कांग्रेसको बुद्धिजीवि विभागले काठमाडौंमा गरेको कार्यक्रममा सोमबार बोल्दै महामन्त्री थापाले मन्त्रीलाई बर्खास्त गरेर मात्र नहुने बताए ।

'यतिको कुरा आइसके पछाडि यसको दूधको दूध, पानीको पानी हुनुपर्छ । यसको छानबिन हुनुपर्छ,' थापाले भने-'संलग्न भएका अरू को-को छन् ? कोही छन् भने कसैको बारेमा अहिले टिकाटिप्पणी गर्ने कुरा हतारो हुन्छ । तर अनुसन्धान गर्दै गर्दा कहीं कतै कोही दोषी देखिन्छन् भने उसलाई कारबाही हुनुपर्छ ।'

## युवा संघ लुम्बिनी अध्यक्षलाई सोधियो स्पष्टीकरण

बुटवल । सामाजिक सञ्जालमार्फत् आगामी दशौं महाधिवेशनबाट पार्टीको नेतृत्व विद्या भण्डारीले गर्नुपर्ने मत राख्दै आएका राष्ट्रिय युवा संघ लुम्बिनी प्रदेश अध्यक्ष सुरज खरेललाई स्पष्टीकरण सोधिएको छ ।

खरेललाई युवा संघका महासचिव महेश चौलागाईँले स्पष्टीकरण सोधेका हुन् । असार २५ गते सोधिएको स्पष्टीकरणमा सामाजिक सञ्जालमा पार्टी नेतृत्वलाई लाञ्छना र मानहानी गर्ने गरेको दाबी गरिएको छ । अध्यक्ष खरेललाई संगठनको दशौं महाधिवेशनमा अध्यक्ष मण्डलका सदस्यमाथि अभद्र व्यवहार गरेको समेत उल्लेख छ ।

स्पष्टीकरणमा संगठनको धारा ४१ र ४२ (क) र (ख) अनुसार कार्बाही गर्न नपर्ने कारण भौतिक रूपमै उपस्थित भइ पेश गर्न भनिएको छ । अध्यक्ष खरेलले स्पष्टीकरण सोधिएको भोलिपल्ट नै ३ पन्ने जवाफ पेश गरेका छन् ।

उनले महाधिवेशनमा अध्यक्षमा सुमन पुरीलाई समर्थन गरेको तर, कसैलाई अभद्र व्यवहार नगरेको जवाफ फर्काएका छन् । सामाजिक संजालमा नेतृत्व परिवर्तनको कुरा उठाउँदा आफूलाई स्पष्टीकरण सोधिएको दाबी गरे ।

'मैले आगामी महाधिवेशनबाट विद्या भण्डारीलाई अध्यक्ष बनाउनुपर्छ भन्ने ढंगले फेसबुकमा लेखेको छु', खरेलले भने-'नेतृत्वको विकल्प खोज्नु कुनै अपराध होइन ।'

महासचिव चौलागाईँले खरेलले महाधिवेशनमा धम्काएको भनेर प्रतिनिधिले दिएको उजुरी र सामाजिक सञ्जालमा संगठनलाई आँच आउनेगरी प्रस्तुत भएकाले स्पष्टीकरण सोधिएको प्रतिक्रिया दिए ।

**रुरू क्षेत्रमा स्मार्ट बोर्डमा अनियमितता प्रकरण :**

# अध्यक्ष र हाकिमको कार्यकक्षमा तालाबन्दी



**लुम्बिनी संवाददाता**
*गुल्मी*

रुरुक्षेत्र गाउँपालिकामा विद्यालयमा जडान गरिएका स्मार्ट बोर्डसम्बन्धी कार्यमा अनियमितता भएको भन्दै गाउँपालिका उपाध्यक्षसहित विभिन्न वडाध्यक्ष तथा सदस्यहरूले गम्भीर आपत्ति जनाएका छन् ।

नेकपा एमालेबाट निर्वाचित गाउँपालिकाका उपाध्यक्ष मिनादेवी गौतमसहित २८ जना जनप्रतिनिधिले यस विषयमा सत्यतथ्य छानबिन नहुदा सम्म पालिकाको कुनै पनि कार्यक्रममा सहभगी नहुने निर्णयसहितको ज्ञापनपत्र बुझाएका छन् ।

सोही विषयलाई लिएर सोमबार नेकपा एमाले रुरुक्षेत्र गाउँ कमिटी गुल्मीका अध्यक्ष फर्सु ज्ञवालीले गाउँपालिका अध्यक्ष यदु ज्ञवाली प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पाण्डेको कार्यकक्षमा ताला लगाएका छन् ।

रुरुक्षेत्र गाउँपालिकामा लुम्बिनी प्रदेश सरकार र गाउँपालिकाको संयुक्त लगानीमा सञ्चालित "स्मार्ट बोर्ड जडान कार्यक्रम" मा गम्भीर प्रक्रियागत अनियमितता देखिएको भन्दै जनप्रतिनिधिहरूले कडा असन्तुष्टि जनाएका हुन् ।

ज्ञापन पत्रमा उल्लेख गरिए अनुसार मिति २०८१ चैत २५ गते गाउँ कार्यपालिकाको बैठकले सबै माध्यमिक विद्यालयहरूमा स्मार्ट बोर्ड जडान गर्ने निर्णय गरेको थियो । सो निर्णयबमोजिम शिक्षामा सूचना प्रविधिको प्रयोगलाई विस्तार गर्ने उद्देश्य थियो ।

तर तीन महिनासम्म निर्णय कार्यान्वयनमा नल्याई २०८२ असार ३ गते एकाएक केही व्यवसायीहरू विद्यालयमा पुगेर बोर्ड जडान गरेका थिए । विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकहरूलाई कुनै जानकारी नदिई जडान गरिएको स्मार्ट बोर्डसँग सम्बन्धित कोटेसन र खरिदसम्बन्धी फाइलहरू व्यवसायीहरूले पछि बनाएको देखिएको छ ।

ती कागजातमा विद्यालयबाट हस्ताक्षर र छाप गराउने प्रयास भएको जनाइएको छ । विद्यालयहरूले प्रक्रियागत त्रुटी औंल्याउँदै यस्ता कागजातमा सहीछाप गर्न अस्वीकार गरेपछि मात्र विषय सार्वजनिक भएको हो ।

त्यसपछि पालिका प्रशासनले असार ११ गते सात वटा विद्यालयका प्रधानाध्यापकहरूलाई बोलाएर फाइल तयारी गरी भुक्तानी माग गर्न निर्देशन दिएको थियो । विद्यालयहरूले सबै कागजात पेश गरेता पनि चालु आर्थिक वर्षको अन्त्यसम्म कुनै भुक्तानी प्रक्रिया अघि नबढाइएको जनप्रतिनिधिहरूले बताएका छन् ।

लुम्बिनी प्रदेश सरकारबाट २५ लाख र गाउँपालिकाबाट रु. १० लाख विनियोजन गरिएको उक्त योजनाको कुल ३५ लाख बजेट फ्रिज भएको छ ।

यसले शिक्षालाई प्रविधिमैत्री बनाउने प्रयासमा धक्का पुगेको जनप्रतिनिधिहरूको गुनासो छ ।

यस विषयमा गाउँपालिका अध्यक्ष यदु ज्ञवालीले कुनै संग्लनता नरहेको बताए । उनले यस कार्यको छानविन गर्न पालिका तयार रहेको बताए । पालिकाले भुक्तानी नै नगरेको विषयमा पालिका नजोडिएको उनको तर्क छ ।

स्मार्ट बोर्ड खरिद सम्बन्धमा अनियमितता भएको आरोपसहित नेकपा एमालेबाट निर्वाचित जनप्रतिनिधिहरूले रुरुक्षेत्र गाउँपालिकाका अध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षमा तालाबन्दी गरेका छन् ।

मिति २०८२ साल असार ३० गते बुझाइएको ज्ञापनपत्रसँगै तालाबन्दी गरिएको यो घटनाले गाउँपालिकाको ध्यानाकर्षण गराएको छ ।

यस विषयमा गाउँपालिकाका प्रवक्त हरिप्रसाद ज्ञवालीले विज्ञप्ति जारी गर्दै पालिकाको आधिकारिक धारणा सार्वजनिक गरेको छ ।

विज्ञप्तिमा जनाइएअनुसार स्मार्ट बोर्ड खरिद कार्य गाउँ शिक्षा समितिको मिति २०८१/१२/२२ को निर्णय र २०८१/१२/२५ को गाउँ कार्यपालिकाको निर्णयअनुसार अघि बढाइएको हो ।

यसबारे मिति २०८२/०३/२० गते आयोजित सार्वजनिक सुनुवाइ कार्यक्रममा स्पष्ट धारणा राखिएको र मिति २०८२/०३/२६ गते गाउँ कार्यपालिका, शिक्षा समिति तथा सातवटै माध्यमिक विद्यालयका प्रधानाध्यापकसहितको छलफलबाट खरिद प्रक्रियाको सत्यतथ्य पत्ता लगाउन सर्वपक्षीय छानबिन समिति बनाउने सहमति गरिएको कार्यालयले जनाएको छ ।

त्यस्तै मिति २०८२/०३/२७ गते बसेको गाउँ शिक्षा समितिको बैठकले खरिद प्रकरणमा उठेका द्विविधाहरूको समिक्षा गरी टुंगोमा पुऱ्याएको र आगामी दिनमा जवाफदेही व्यवहारका लागि शिक्षा समिति तथा सम्पूर्ण कार्यपालिका प्रतिबद्ध रहेको स्पष्ट पारिएको विज्ञप्तिमा उल्लेख छ ।

## सिके राउतले गरे रविको पक्षमा हस्ताक्षर



बुटवल । जनमत पार्टीका अध्यक्ष सीके राउतले रविको पक्षमा हस्ताक्षर गरेका छन् । रास्वपा मुख्यालय घण्टीघर पुगेर राउतले 'रविमाथिको राजनीतिक प्रतिशोधविरुद्धको हस्ताक्षर अभियान' मा ऐक्यबद्धता जनाएका हुन् ।

हस्ताक्षरपछि सञ्चारकर्मीसँग कुरा गर्दै उनले जनमत पार्टी पनि न्यायका लागि लडिरहेको पार्टी भएकाले न्यायकै लागि आवाज उठाउन आएको बताए ।

उनले भने-'हामी त न्यायका लागि लडिरहेको पार्टी नै हो । संगठन हौं । त्यसैले रास्वपाको अभियानमा साथ सहयोग छ । राजनीतिक मान्यता फरक भए आफ्नो ठाउँमा छ । तर अन्यायको कुरामा आवाज उठाउँछौं ।'

उनले थपे-'कसैमाथि राज्यले राजनीतिक प्रतिशोध साध्नु हुदैंन भन्ने जनताले दिएको अभिव्यक्ति हो । जुन ठाउँमा लोकतन्त्र परिस्कृत भइसकेको हुन्छ । जुन ठाउँमा शक्ति पृथकीकरण राम्रो भइसकेको हुन्छ । त्यहाँ चाहिँ हामीले अदालतलाई दोष लगाउन मिल्दैन । जनताको आस्था ठूलो हुन्छ, अदालतमाथि र न्यायलयमाथि । तर यहाँ त हामी हाकाहाकी छौं । कसरी अदालत प्रभावित हुन्छ भनेर । जनताले हस्ताक्षर गर्दैमा अदालतको विरोध भएको रुपमा भनेर चित्रण गर्नुपर्छ भन्ने छैन । बरु अदालतले चाँहि न्याय दिन सकोस् भन्ने रुपमा हेर्नुपर्छ ।'

सोमबार रास्वपाको पार्टी कार्यालयमै उपस्थित भएर उनले हस्ताक्षर गरेका हुन् ।



## सम्पादकीय

# मन्त्री गुप्तालाई बर्खास्त गर्नुपर्छ

सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले घुस डिल गरिरहेको अडिओ सार्वजनिक भएको छ । यो अडिओ सार्वजनिक भएपछि अडिओबारे जाँच गर्न फरेन्सिक ल्याब पठाइएको र प्रधानमन्त्री केपी शर्मा ओलीले घटनाबारे मन्त्री गुप्तासहित विभिन्न पक्षसँग सुक्ष्म ढंगले बुझिरहेको बताइएको छ ।

घुस लेनदेनको विषयमा भएको मन्त्रीको कुराकानी अक्षम्य अपराध हो । यो विषय छानबिनले पुष्टि गर्ला वा मन्त्री निर्दोष पनि हुनसक्लान् । त्यसभन्दा अघि प्रश्न उठेका मन्त्रीले राजीनामा दिएर अनुसन्धानलाई सघाउ गर्नुपर्छ । मन्त्रीले राजीनामा दिएनन् भने बर्खास्त गर्नुपर्छ प्रधानमन्त्रीले । त्यसो त प्रधानमन्त्रीले आरोपित मन्त्री गुप्तासँग घटनाबारे जानकारी लिनु भएको र सत्तारूढ गठबन्धनमा सहभागी कांग्रेस सभापति शेरबहादुर देउवासहितसँग छलफल गर्नुभएकाले विषयवस्तुको गाम्भीर्यतालाई अवश्य ख्याल गर्नुभएको देखिन्छ । प्रधानमन्त्रीले म भ्रष्टाचार गर्दिन र गर्न पनि दिन्नँ भन्ने कुरा सार्वजनिक रूपमा नै पटक-पटक भनिसक्नुभएकाले यो विषयमा निर्मम हुनुपर्छ । सरकारका कतिपय कमजोरीका बारेमा सामाजिक सञ्जालमा अतिरञ्जित गरी प्रचार भइरहेको र कतिपय अर्नगल प्रचार गरी भ्रम छर्ने प्रयास पनि भइरहेको बेला यो प्रकरणमा प्रधानमन्त्री निर्मम हुनुपर्छ । सरकार गलत क्रियाकलापलाई पूर्णतः रोक्छ भन्ने आम नागरिकको भरोसालाई विश्वासमा बदल्नुपर्छ । मुलुकमा सुशासनमा धेरै खालका समस्या देखिइरहेका बेला यो प्रकरणलाई सामान्य रुपमा लिंदा नागरिकमा सरकारप्रतिको भरोसा कमजोर बन्दै जाने जोखिम छ । मुलुकमा व्यवस्था विरोधी आवाज उठ्न थालिरहेको बेला यस्ता प्रकरणलाई सही ढंगले व्यवस्थापन नगर्दा व्यवस्था विरोधीलाई बल पुग्छ ।

यसअघि एमालेकै मन्त्रीहरु गोकुल बाँस्कोटा र शेरबहादुर तामाङले प्रश्न उठ्ने बित्तिकै राजीनामा दिएका थिए । उनीहरुका बारेमा सार्वजनिक रूपमा प्रश्न उठेपछि राजीनामा दिए । बाँस्कोटाले पुनः चुनाव जितेका छन् । तामाङको पनि राजनैतिक उचाई घटेको छैन । प्रश्न उठ्ने बित्तिकै राजीनामा दिने विषय राजनैतिक व्यक्तिका लागि नैतिकताको विषय पनि हो । विगतका यी घटनालाई मन्त्री गुप्ताले सम्झन सकेनन् । एमाले नेतृत्वले पनि यी घटना सम्झाउन सकेन् ।

अब अविलम्ब उनको राजीनामा हुनुपर्छ, राजीनामा नभए बर्खास्त गर्नुपर्छ । र, घटनाको छानबिन गरी सत्य तथ्य सार्वजनिक हुनुपर्छ । घटनामा मन्त्री गुप्ता दोषी देखिए कारबाहीका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई जिम्मा दिनुपर्छ ।

# ‘जेक्सोनाइन रुल’को मारमा सुशासन



सागर पण्डित

नेपालको शासन प्रणाली पछिल्लो समय जटिल, अव्यवस्थित र दिशाविहीन बन्दै गइरहेको छ । शासन व्यवस्थाको मेरुदण्ड मानिने कर्मचारी संयन्त्र आज ‘जेक्सोनाइन रुल’ जस्ता अदृश्य तर गम्भीर हस्तक्षेपका कारण पंगु हुँदै गएको छ । राज्यको प्रशासकीय सञ्चालनमा राजनीति र विवेकहीन निर्देशन हाबी हुँदा देशको निजामती सेवा शिथिल, निष्क्रिय र उत्तरदायित्वहीन बन्न पुगेको छ । यद्यपि सरकारले सिंगो शासकीय व्यवस्थामा सुधार ल्याउन भन्दै प्रधानमन्त्रीको अध्यक्षतामा उच्चस्तरीय शासकीय सुधार आयोग गठन गरेर काम थालेको छ । विगतमा पनि यस्ता धेरै आयोगहरु बने, आयोगले महत्वपूर्ण सुझावहरु पनि दिए । तर अधिकांश आयोगका सुझावहरु रद्दीको टोकरीमा मिल्काउने काम गरियो ।

ती महत्वपूर्ण आयोगका सुझावहरु कार्यान्वयन गर्दै अघि बढ्न सकेको भए आज निजामती सेवा धेरै नै सशक्त हुन सक्थ्यो । मुलुकमा विधि र प्रणालीको जग बसिसकेको हुन्थ्यो, तर ती आयोगका राम्रा सुझावहरु त्यसै थन्क्याइयो, जसका कारण अहिले प्रशासनिक अवस्था अत्यन्तै कमजोर र निम्सरोजस्तै बन्न पुगेको छ । राजनीतिक नेतृत्वको खराब कर्म बढिरहेको र प्रशासनले त्यसलाई सहयोग गर्दै आफैँ कमजोर र अक्षम हुन पुग्दा देशमा विकास, सुशासन र समृद्धिको मार्ग अवरुद्ध भएको हो भन्दा अत्युक्ति हुँदैन ।

‘जेक्सोनाइन रुल’ भन्नाले बुझिने अर्थ स्पष्ट छ- राजनीतिक पहुँच र शक्ति प्रयोगमार्फत् प्रशासकलाई आफ्नो स्वार्थमा परिचालित गर्ने पद्धति तथा राजनीतिक चरित्र । अर्थात् निजामती सेवा राजनीतिक नेतृत्वको स्वार्थपूर्तिको गोटी बन्ने अवस्था ‘जेक्सोनाइन रुल’ हो । जहाँ सरकारमा रहने प्रधानमन्त्री, मन्त्री तथा तिनको सचिवालयमा रहेका स्वकीय सचिवहरुले पनि कर्मचारीहरुमाथि प्रभुत्व जमाउने गर्छन् । कर्मचारी संयन्त्र त्यस्तो गलत कार्यको मुकाबिला गर्न अक्षम हुने गर्छ ।

शासन प्रणालीमा विधि, मर्यादा र जवाफदेहिताको सट्टा ‘जसको सर्कल, उसको शासन’ भन्ने सोच हाबी हुनु यही रुलको प्रतिविम्ब हो । यसले कर्मचारीहरुलाई कानुन, सेवा सर्त र आचारसंहिताभन्दा माथि राजनीतिक मालिकको आदेशमा चल्न बाध्य बनाएको छ । निजामती प्रशासनको धर्म स्पष्ट छ- तटस्थता, निष्पक्षता र कार्यक्षमताको भरमा जनसेवा गर्नु । तर, आज तिनै प्रशासनिक नेतृत्वहरू प्रमुख दलका गुटगत समीकरणमा लम्पसार परेका छन् । एकातिर कुनै पनि निर्णय लिनुअघि ‘को ठूला नेताको नजिक छ ?’ भन्ने प्रश्न हाबी हुन्छ भने अर्कातिर नीतिगत विवेकभन्दा आदेश र प्रभावको भर पर्नुपर्ने अवस्था आएको छ ।

पछिल्ला वर्षमा सार्वजनिक भएका तीन ठूला प्रकरणले प्रशासनिक नेतृत्वको गिरावटलाई अझ स्पष्टसँग उजागर गरेका छन् - ललितानिवास जग्गा प्रकरण, पतञ्जलि औद्योगिक क्षेत्रसम्बन्धी जग्गा प्रकरण र नक्कली भुटानी शरणार्थी प्रकरण । यी सबैमा नीतिगत निर्णय लिने प्रशासकहरू राजनीतिक दबाबमा नतमस्तक बन्न पुगे वा उनीहरूले स्वेच्छाले सत्तासीन नेताको छाया बनेर अनियमितता कार्यान्वयनमा भूमिका खेले ।

नतिजा- आज भ्रष्टाचार अभियोग खेप्नुपर्नेमा धेरैजसो निजामती सेवाका उच्चपदस्थ अधिकारीहरू छन् । यो परिस्थिति केवल उनीहरूको व्यक्तिगत कमजोरी वा लोभको परिणाम मात्रै होइन, यो प्रणालीगत विफलता हो । जब सत्तामा बस्नेहरूले प्रशासनलाई आफ्नो कार्यकर्ताजस्तै प्रयोग गर्छन्, जब निर्णयको आधार सुशासन होइन, स्वार्थ हुन्छ अनि प्रशासन कठपुतली बन्छ । यसले कर्मचारी संयन्त्रमा डर, अन्योल, दोधार र निष्क्रियता सिर्जना गरिदिएको छ ।

नेपालजस्तो विकासोन्मुख मुलुकका लागि कार्यकुशल र जवाफदेही प्रशासन अपरिहार्य सर्त हो । तर जब नीति निर्माण र कार्यान्वयन दुवै तहमा विवेकको स्थान राजनीतिक दबाबले लिन्छ, तब कर्मचारी संयन्त्रले सुशासनको होइन, स्वार्थको सेवा गर्न थाल्छ । ‘जेक्सोनाइन रुल’ राम्रो रुल होइन, यो त केवल कानुनको उपहास हो, यो लोकतन्त्रको समेत अपमान हो । यसले राम्रो अफिसरलाई हतोत्साहित गर्छ र गलत काम गर्नेहरूलाई प्रश्रय दिन्छ । यसै कारण, पछिल्लो समय दक्ष, इमानदार र दूरदर्शी कर्मचारीहरू सेवा छाड्ने वा कोषागत ठाउँमा सीमित हुने प्रवृत्ति बढ्दो छ ।

यो सबैलाई जागजाहेर नै छ ।कर्मचारीको बोल्ने स्वतन्त्रता, विश्लेषण गर्ने चेतना र गलत निर्णयको विरोध गर्ने साहसलाई बन्धक बनाइएको छ । कर्मचारीहरू के बोल्ने, के लेख्ने ? के निर्णय दिने ? भन्ने कुरामा अत्यधिक सचेत हुनुको सट्टा कतै सरुवा हुने हो कि ? अनावश्यक कारबाहीमा पर्ने हो कि ? भन्ने त्रासले ग्रस्त छन् ।

‘जेक्सोनाइन रुल’कै प्रभुत्व बढिरहँदा कर्मचारीले संविधान र कानुनको होइन, मन्त्रीको आदेश पालना गर्ने प्रवृत्तिले गति लिएको छ । मन्त्रालयहरूमा प्रशासनिक निरपेक्षताको सट्टा सत्तानजिक रहने स्पर्धा देखिन्छ । गलत निर्णय, अनियमितता वा भ्रष्टाचारको भित्री तथ्य बाहिर ल्याउने वातावरण समाप्त भएको छ । डर-त्रासकै कारण न सही देखिन्छ, न बोलिन्छ, न लेखिन्छ !

‘जेक्सोनाइन रुल’ निजामतीको मुटुमा रोपिने विषालु सुई हो । यसले सिंगो मुलुकको विकास, सुशासन र सेवा प्रवाहमा गम्भीर धक्का लागिरहेको छ । त्यसैले अब यस्ता प्रवृत्तिको अन्त्य राजनीतिक नेतृत्वबाटै हुनुपर्छ । अहिले प्रधानमन्त्रीको अध्यक्षतामा गठित उच्चस्तरीय शासकीय सुधार आयोगले यो विषयमा गम्भीर ध्यान पुऱ्याउन जरुरी छ । निजामती क्षेत्रलाई आम जनताको हित र स्वार्थमा पूरै परिचालित गर्ने गरी एउटा व्यवस्थित प्रणालीको विकास गर्नुपर्छ ।

अब राजनीतिक नेतृत्वले कर्मचारी संयन्त्रलाई एसम्यानको रुपमा लिने होइन, सल्लाहकार र शक्तिशाली संयन्त्रको रुपमा स्थापित गराउनुपर्छ ।

कर्मचारीलाई सेवा अधिकारका रूपमा हेर्नुपर्छ, दासत्वको नियमका रूपमा होइन । अनि आम कर्मचारीले पनि जनतालाई अपमानित हुने गरी कहियै कुनै पनि खालका कामहरु गर्नहुँदैन । अब निजामती कर्मचारीलाई स्पष्ट सेवा सुरक्षा, कार्य स्वतन्त्रता र नीतिगत सरोकारमा आलोचना वा राय दिन पाउने वैधानिक अधिकार सुनिश्चित गर्नुपर्छ ।

आम कर्मचारीलाई राजनीतिक आस्था वा चाकडी होइन, सेवा दक्षता, जवाफदेहिता र पारदर्शितालाई मूल्यांकनको प्रमुख आधार बनाइनुपर्छ । यसो गर्न सकिएमा इमानदार र सक्षम कर्मचारी प्रोत्साहित हुनेछन् र सरकारी कामकारबाहीमा प्रभावकारिता आउन सक्छ । प्रशासन संयन्त्रभित्र भ्रष्टाचारविरुद्ध बोल्नेलाई संरक्षण दिनु नितान्त आवश्यक छ । यसले प्रशासनभित्रैबाट सुशासनको ऊर्जा प्रवाहित गर्न मद्दत पुऱ्याउँछ ।

जबसम्म कर्मचारीको मनभित्र डर हुन्छ, जनताप्रतिको समर्पण सम्भव छैन । जबसम्म उनीहरूको स्वतन्त्रताको घाँटी ‘जेक्सोनाइन रुल’ले थिचिएको हुन्छ, तबसम्म सुशासनको सपना अधुरो रहन्छ । उनीहरुले देश र जनताको लागि भन्दा पनि सधैँ माथिल्लो तहका राजनीतिक नेतृत्वलाई कसरी रिझाएर अघि बढ्न सकिन्छ भन्नेमा नै दिमाग खियाउन थाल्छन् । सेवा प्रवाह र जनताको काम पूरै बिर्सन थाल्छन् ।

अब प्रधानमन्त्रीको अध्यक्षतामा रहेको उच्चस्तरीय शासकीय सुधार आयोग र मुख्य सचिवको संयोजकत्वमा रहेको शासकीय सुधार आयोग कार्यान्वयन समितिले भष्टाचार नियन्त्रणको दिशामा अग्रगामी छलाङ हान्न सक्नुपर्छ । प्रधानमन्त्रीले सोही आयोगमार्फत निजामती सेवा आफ्नो नियन्त्रणमा राख्ने होइन, पूर्ण स्वतन्त्र छोडेर जनताको सेवामा समर्पित बनाउने खालका योजनाहरु अघि सार्नुपर्छ र त्यसलाई तत्काल कार्यान्वयन गराउनुपर्छ । अब समय आएको छ- एक निर्भिक, निडर र नीतिगत विवेक भएका निजामती सेवकहरूको नयाँ पुस्ता निर्माण गर्न सक्नुपर्छ । सुशासन भाषण होइन, व्यवहार हो । त्यसको पहिलो सर्त हो- स्वतन्त्र, सुरक्षित र निडर प्रशासन ।

अब निजामती प्रशासन साँच्चै नै जाग्ने बेला आएको छ । यसरी नै सधैँ राजनीतिक नेतृत्वको स्वार्थपूर्तिको साधन बन्ने र ललितानिवास, नक्कली भुटानी शरणार्थी, पतञ्जलि जग्गा प्रकरणमा जस्तै कारबाही भोगिरहने अवस्था आएमा त्यसले सिंगो निजामती क्षेत्रलाई अझै बढी बदनाम बनाउँछ र जनताको दृष्टिमा बदमास र भ्रष्ट ठहरिन्छ । त्यसैले अब आम निजामती कर्मचारीहरुले मन्त्रीहरुको निर्देशनमा नक्कली र जाली तमसुकमा सही गरेर आफ्नो भविष्यलाई अन्धकार पार्न किमार्थ पनि हुँदैन । तपाईंहरुलाई बचाउन अन्तिममा कोही पनि आउँदैन । नेताहरु उम्कने तर कर्मचारीहरु मात्रै जेल बस्ने अवस्था आउन दिनुहुँदैन । हेरौँ त नक्कली भुटानी शरणार्थी प्रकरणका मुख्य डिजाइनर तत्कालीन गृहमन्त्री अनेक प्रपञ्च गरेर उम्कन सफल भए तर तत्कालीन गृहसचिव अहिलेसम्म जेलमा नै बस्न बाध्य छन् ।

नेताहरु अनेक तिकडम गरेर उम्कने गर्छन् तर फस्ने त कर्मचारीहरु मात्रै हुन् । त्यसैले कर्मचारीहरुले पनि सातपटक सोचेर निर्णय लिनुपर्ने बेला आइसकेको छ । अब प्रशासनिक नेतृत्वकै सक्रियतामा निजामती सेवाको स्वायत्तता र पेसागत मर्यादालाई संविधानको संरक्षणअनुसार व्यवहारमा उतार्नुपर्छ । प्रशासकहरूको सरुवा, पदोन्नति र जिम्मेवारी तोक्दा पारदर्शिता, कार्यक्षमता र इमानदारीलाई आधार बनाइनुपर्छ । ‘राजनीतिक कार्यकर्ता बनाऊ’ भन्ने मानसिकताले होइन, ‘जनसेवक बनाऊ’ भन्ने सोचले कर्मचारी व्यवस्था चल्नुपर्छ । कानुनको पालना नगर्ने राजनीतिक नेतृत्व स्वयं पनि कारबाहीको दायरामा ल्याउने वातावरण प्रशासनले पनि खेल्न सक्नुपर्छ ।

देशमा सुशासन स्थापना गर्ने चाहना केवल नारामा सीमित छैन भन्ने देखाउन राजनीतिक नेतृत्वले आफैं बाटो तय गर्नुपर्छ । राजनीतिक नेतृत्व आफू सच्चिएर कर्मचारी संयन्त्र सुधार गर्ने विभिन्न महत्वपूर्ण योजनाहरु ल्याउनुपर्छ । प्रधानमन्त्रीको अध्यक्षतामा रहेको उच्चस्तरी शासकीय सुधार आयोगले यो विषयलाई पहिलो प्राथमिकतामा राखेर आवश्यक उपायको खोजी गर्न सक्नुपर्छ ।

प्रशासकहरू निष्पक्ष हुन सकेमा मात्र राज्य निष्पक्ष बन्छ । निष्पक्ष भूमिका निर्वाह गर्नु हरेक राष्ट्रसेवक कर्मचारीको कर्तव्य पनि हो । ‘जेक्सोनाइन रुल’को छायाबाट मुक्त भई यदि कर्मचारी संयन्त्र आफ्नै खुट्टामा उभिन सक्यो भने मात्र नेपालले सुशासनको यात्रा तय गर्न सक्छ । सेवा प्रवाह प्रभावकारी हुन सक्छ र मुलुकको विकास र समृद्धिले सही मार्ग पक्रन सक्छ, नत्र त प्रशासन पनि विघटनतर्फ जान सक्छ र देश पनि गम्भीर संकटको भुमरीमा फस्न सक्छ । गम्भीर बनौँ । समाचारपत्रबाट

# नेप्से परिसूचक ३५ अङ्कले घट्यो



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सोमबार उच्च अङ्कको गिरावट देखिएको छ । नेप्से परिसूचक ३५ दशमलव ०९ अङ्कले घटेर दुई हजार ७२५ दशमलव ७१ को विन्दुमा कायम भएको हो । यो एक दशमलव २७ प्रतिशतको गिरावट हो ।

३२१ कम्पनीको दुई करोड ११ लाख दुई हजार ५४० कित्ता शेयर ७२ हजार ६०१ पटक खरिदबिक्री हुँदा रु आठ अर्ब १७ करोड २१ लाख ४३ हजार ३२६ बराबरको कारोबार भएको छ ।

कारोबारमा जलविद्युत् समूह शून्य दशमलव १५ प्रतिशतले बढेको छ भने अरू सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै बैङ्किङ समूह दुई दशमलव ४६ प्रतिशतले बढेको छ । त्यस्तै, विकास बैङ्क एक दशमलव ४८, वित्त एक दशमलव १३, होटल तथा पर्यटन शून्य दशमलव २५, लगानी एक दशमलव २५, जीवन बीमा एक दशमलव ३६ र उत्पादन तथा प्रशोधन शून्य दशमलव ७८ प्रतिशतले घटेको छ ।

त्यस्तै, लघुवित्त एक दशमलव २३, म्युचुअल फन्ड शून्य दशमलव १७, निर्जीवन बिमा एक दशमलव ०५, व्यापार शून्य दशमलव ६४ र अन्य समूह एक दशमलव २४ प्रतिशतले घटेको छ ।

माईखोला हाइड्रोपावर लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै पाँच दशमलव ९० प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य चार दशमलव ४६ प्रतिशतले घटेको छ ।


**Lumbini Province Government**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**

## Road Infrastructure Development Office
**Arghakhanchi**

## Invitation for Online Bids

**Date of publication: 15th July, 2025 (2082-03-31)**

Road Infrastructure Development Office (RIDO), Arghakhanchi invites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egpfor following works under National Competitive Bidding-single stage two envelop system. All other information and Bid Documents can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

**Information to deposit the cost of bidding document in Bank:**
Name of the Bank: Rastriya Banijya Bank Ltd., Sandhikharka.
Name of the Office: Road Infrastructure Development Office, Arghakhanchi.
Office Code No: 3370151015 (Dharauti and Rajaswa)
Rajaswa Shrishak No.:- 14229; Rajaswa Account No.: 1000200010000
Last Date of Bid Purchase and Submission:15thAugust, 2025 (2082-04-30)12:00 Hrs.

| S.N. | Name of Project | Contract Identification | Bid Document Fee (NRs.) | Bid Validity Period | Bid security (NRs.) | Validity of Bid Security |
|---|---|---|---|---|---|---|
| 1 | Black top and upgrading of Deurali Dandakateri Hansapur Road, Malarani | RIDO-ARG-W-NCB-154-2081/082 | 10,000.00 | 120 Days | 23,25,000.00 | 150 Days/ (11thJan, 2026) |
| 2 | Upgrading of Amari Jukena Deurali Arwati Road(Patanjali Marga) Shi. Na. Pa. &5 (Shitkhola to Chakaldhunga Section) | RIDO-ARG-W-NCB-141-2081/082 | 5,000.00 | 90 Days | 9,90,000.00 | 120 Days/ (12thDec, 2025) |
| 3 | Construction of Bangi Khola Box Culvert, along Sandhikharka- Pakale-Dharapani Chujathati Road, Sandhikharka 1 & 2 | RIDO-ARG-W-NCB-156-2081/082 | 5,000.00 | 90 Days | 6,62,000.00 | 120 Days/ (12thDec, 2025) |
| 4 | Construction of Sigregha Khola Bridge, Malarani 5 | RIDO-ARG-W-NCB-157-2081/082 | 5,000.00 | 90 Days | 7,40,000.00 | 120 Days/ (12thDec, 2025) |
| 5 | Construction of Panini Ga.Pa. 3, Arghakhanchi, Wagle Khola Barakarukh Bagecha Bridge. | RIDO-ARG-W-NCB-158-2081/082 | 5,000.00 | 90 Days | 9,18,000.00 | 120 Days/ (12th-Dec, 2025) |
| 6 | Construction of Bangi Khola Bridge, Khiraboat along Tari Bajeri Bhedirakhne Road. | RIDO-ARG-W-NCB-159-2081/082 | 5,000.00 | 90 Days | 8,65,000.00 | 120 Days/ (12th-Dec, 2025) |
| 7 | Construction of Durga Khola Bridge, Panini 3&5 | RIDO-ARG-W-NCB-160-2081/082 | 5,000.00 | 90 Days | 9,20,000.00 | 120 Days/ (12thDec, 2025) |
| 8 | Construction of Bangi Khola Bridge along Bihara Okhare road, Sandhikharka 10 and 11 | RIDO-ARG-W-NCB-161-2081/082 | 5,000.00 | 90 Days | 9,92,000.00 | 120 Days/ (12thDec, 2025) |
| 9 | Fabrication, Supply, Transportation, Construction and Erection of Shitkhola Suspended Bridge joining Phalachaur and Pataltol, Shitaganga- 02 | RIDO-ARG-W-NCB-164-2081/082 | 5,000.00 | 90 Days | 5,60,000.00 | 120 Days/ (12thDec, 2025) |

# रोल्पा अस्पतालसहित आसपासका बस्ती पहिरोको जोखिममा

**नवीन लोचनमगर**
*रोल्पा*

रोल्पाको रेउघास्थित जिल्ला अस्पताल पहिरोको जोखिममा परेको छ। अस्पताल भवन मुनिको भाग खोलाले कटान गर्ने र जमिन भासिने क्रम नरोकिएपछि रेउघा अस्पताल जोखिममा परेको हो। निकै कमजोर जमिनमा पहिरो झर्न नरोकिएपछि ५० शैयाको अस्पताल भवनका साथै अस्पताल आसपासको बस्तीसमेत जोखिममा परेको छ।

पहिरो नियन्त्रण तथा रोकथामका लागि केही प्रयास गरिएपनि जोखिम भने अझै टरेको छैन। रोल्पा नगरपालिका-२, रेउघास्थित रोल्पा अस्पतालको मुनि धाङ्सीखोलाको कटान रोक्न लुम्बिनी प्रदेश वन तथा वातावरण मन्त्रालयअन्तर्गत रहेको भू-तथा जलाधार व्यवस्थापन कार्यालयले रोकथामका लागि काम गरिरहेको छ। जसका कारण पहिरो झर्नेक्रम केही हदसम्म रोकथाम भए पनि निकै कमजोर भू-बनोटका कारण जोखिम भने रोकिएको छैन।

पहिरो रोकथामका लागि आर्थिक वर्ष २०८१/०८२ मा ७५ लाख बजेट विनियोजन गरी रोल्पास्थित भू-तथा जलाधार व्यवस्थापन कार्यालयमार्फत् खोला क्षेत्रमा १ हजार २ सय ४२ घनमिटर ग्याबिन पर्खाल लगाइएको छ। अष्टविनायक निर्माण सेवाले निर्माण ठेक्का लिएको उक्त योजना सम्पन्न भइसकेको भू-तथा जलाधार कार्यालय रोल्पाका प्रमुख रोबर्ट महराले बताए। उनकाअनुसार ठेक्का प्रक्रियामा जाँदा निर्माण कम्पनीले ४० लाखको लागतमा सम्झौता गरेको थियो। त्यस्तै आर्थिक वर्ष २०८१/०८२ मा पहिरोग्रस्त क्षेत्र तथा धाङ्सीखोला तटबन्ध निर्माणका लागि भन्दै जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय रोल्पाबाट १० लाख र अघिल्लो वर्ष २० लाख बजेट विनियोजन गरिएको थियो।

**ठूलो पहिरो, रोकथामका साना प्रयास**

पहिरो झर्ने भू-भाग ठूलो भएका कारण हालसम्म विनियोजित बजेटबाट पूर्णरुपमा नियन्त्रण हुने अवस्था देखिँदैन। 'अस्पतालको नजिकको क्षेत्रमा यसअघि लगाइएका विभिन्न बोटबिरुवाले निरन्तर बग्ने अवस्थालाई रोकेको छ,' रोल्पा नगरपालिका-२, रेउघाका वडाध्यक्ष प्रकाश डाँगीले भने-'बजेट निकै कम विनियोजन हुने, तर यहाँको जोखिम क्षेत्र धेरै भएकाले पूर्णरुपमा नियन्त्रण हुने अवस्था छैन।' डाँगीले प्रदेश तथा संघीय सरकारसँग आफूहरुले निरन्तर बजेट व्यवस्थापनका लागि पहल गरिरहेको भए पनि उचित बजेट विनियोजन हुननसक्नु दुखद् भएको गुनासो गरे।

रोल्पास्थित भू-तथा जलाधार कार्यालयले पनि पहिरो नियन्त्रणका लागि कार्यालयमार्फत् पहल गरिरहेको कार्यालय प्रमुख रोबर्ट महराले बताए। हालसम्मको प्रयासले बाहिरी भू-भागको माटो बग्ने क्रम केहीरुपमा रोकिए पनि भित्रैदेखि जमिन कमजोर रहेकाले पूर्णरुपमा नियन्त्रण गर्न करोडौं बजेट चाहिने उनको भनाइ छ। जलाधार कार्यालयको अगुवाइमा बायोइञ्जिनियरिङ र कम खर्चिलो भू-संरक्षण प्रविधिको प्रयोग गरिएको छ। पहिरोको रोकथाम गर्न स्थानीय खुलखुले महिला सामुदायिक वन समूह पनि सक्रिय छ। पहिरो रोकथामका लागि भुजेत्रो, बाँसलगायतका बोटबिरुवा लगाएर उक्त समूहले संरक्षणसमेत गरिरहेको वन समूहकी अध्यक्ष दुर्गादेवी पुनले बताइन्। पहिरोको जोखिम बढ्दै गएपछि गाउँवासीहरु धेरै चिन्तित रहेको उनको भनाइ छ।

पहिरोको जोखिम दिनानुदिन बढ्दै गएको र हालसम्म गरिएको साना प्रयासले पूर्णरुपमा नियन्त्रणको सम्भावना नरहेकाले भगर्भविद्को अध्ययनसहितको योजना निर्माण गर्नुपर्ने रोल्पा अस्पतालका सूचना अधिकारी कुलबहादुर डाँगी बताउँछन्।

केही वर्षअघि मात्र निर्माण सम्पन्न भएको अस्पतालको आधुनिक भवन बचाउन सरकारको उच्च प्राथमिकता हुनुपर्ने डाँगीको भनाइ छ। पहिरो ग्रस्त क्षेत्रमा पुगेका लुम्बिनी प्रदेशका पूर्व स्वास्थ्यमन्त्री तथा सांसद दीपेन्द्रकुमार पुनले पहिरो नियन्त्रणका लागि आफूले सक्दो पहल गर्ने आश्वासन दिए।

# कृषकको सहारा बन्दै 'जियोकृषि एप'

पाल्पा। पछिल्ला दिनमा सूचना प्रविधिको प्रयोग दिनानुदिन बढ्दो छ। स्मार्टफोनको प्रयोगका अतिरिक्त सामाजिक सञ्जाल चलाउने धेरै छन्। प्रविधिको सदुपयोग गरेर व्यावसायिक बन्ने किसानको संख्या पनि बढ्दो छ। यहाँका केही किसानहरू मोबाइलमा प्रविधिको प्रयोगबाट आत्मनिर्भर बन्नमा सहयोग पुगेको छ।

रिब्दीकोट गाउँपालिका-२ का टिकाबहादुर राना तीनैमध्येका एक हुन्। उनी बजारमा तरकारीको भाउ, आफूले बिक्री गरेको तयारीको विवरण मोबाइलबाटै थाहा पाउँछन्। कुन समयमा कुन तरकारी लगाउने, मल, खाद र सिँचाइ कसरी गर्ने, मौसम कस्तो हुँदै छ भन्ने जानकारी उनको मोबाइलमै प्राप्त हुन्छ।

उनलाई यी सबै जानकारी जियोकृषि नामक एप्सले उपलब्ध गराउँछ। उनले चार वटा टनेलमा टमाटर फलाउँदै आएका छन्। उत्पादित टमाटर सहकारीमार्फत् बिक्री गर्नुहुन्छ। केही समय अघिसम्म विवरण कागजमा राख्दा हराउने, दररेट र तौल फरक पर्ने हुन्थ्यो। अहिले त्यस्तो समस्या छैन। रानाले भने-"हामीले तरकारी बिक्री गर्दा एउटा दररेट हुन्छ, पैसा लिने समयमा दररेट फरक भइ( दिन्थ्यो, कहिलेकाहीँ हामीले पनि विवरण बिर्सने भएकाले समस्या हुन्थ्यो तर अहिले त्यस्तो हुँदैन।"

रिब्दीकोट-२ कै तेजबहादुर रानाले मिलनसार सहकारीलाई ५० केजी टमाटर बिक्री गरे। बिक्री गरेको केही क्षणमै खरिद गरेको विवरण मोबाइलमा आयो। अहिले ५० केजी टमाटर ५० रुपैयाँको दरले बिक्री भएपछि पाँच हजार रकम लिन सहकारीमा आउनुहोला भन्ने मोबाइलमा सन्देश आएपछि राना दङ्ग छन्। उनी भन्छन्- "पहिला गाउँघरमै ग्राहकको भाउमा तरकारी बेच्थेँ। जियोकृषि एप्स चलाउन थाले पछि मेरो जीवन शैली परिवर्तन भयो।"

उनीहरु जस्ता यहाँका धेरै कृषकलाई सामाजिक उद्यमी महिला सहकारीको छाता सङ्गठन सेवा नेपाल र जियो कृषिको साझेदारीमा सञ्चालन गरिएको जियोकृषि सेवा मोबाइल एप्लिकेशनमार्फत् सेवा लिइरहेका छन्। सङ्कलन गर्ने प्रतिनिधि, भुक्तानी दिने सहकारी र बिक्री गने कृषक सबैलाई एकै साथ विवरण प्राप्त हुने र लामो समयसम्म अभिलेख सुरक्षित हुने भएकाले यो प्रविधिले कृषकहरुलाई सहज बनाएको छ।

कृषकले जियो कृषि सेवामा आफ्नो उत्पादन अभिलेख राख्न सक्ने र सहकारीका प्रतिनिधिले उनीहरुको उत्पादन खरिद गर्न सक्ने हेफर इन्टरनेशनल नेपालका डिजि( जटल सहजकर्ता विष्णु घिमिरेले बताए। ग्रामीण कृषकको पहुँचमा डिजिटल प्रविधि पुऱ्याएर उनीहरुलाई थप सशक्त गर्ने उद्देश्यले यो कार्यक्रम लागू गरिएको उनको भनाइ छ।

हेफर इन्टरनेशनलको सहयोगमा ग्रामीण आर्थिक विकास सङ्घ रेडामार्फत् एलएएलभिसी परियोजना सञ्चालन भएको छ। परियोजनाले तानसेन, रिब्दीकोट, पूर्वखोला, रम्भा र निस्दी गाउँपालिकामा तरकारी उत्पादन र बजारिकरणमा काम गर्दै आएको छ। परियोजना क्षेत्र तथा अन्य क्षेत्रबाट समेत गरी मिलनसार सहकारीले दैनिक १० देखि १५ मेट्रिकटन तरकारी खरिद गरी बिक्री गर्दै आएको छ। "तरकारीको कारोबार कागजमा राख्दा अभिलेख नरहने र दररेट फरक पर्थ्यो", सहकारीका अध्यक्ष कमला भण्डारीले भनिन्-"एप्समार्फत् डिजिटल अभिलेख राख्दा सबैलाई फाइदा पुगेको छ। पारदर्शी हुनुको साथै बजार व्यवस्थापन र योजना निर्माणको लागि समेत सहयोग पुगेको छ।"

हेफरका इनोभेसन प्रमुख ताराप्रसाद पन्थीका अनुसार ७० बढी सहकारीका सदस्यलाई डिजिटल सेवामा पँहुच पुऱ्याउन जियोकृषि सेवामार्फत् सहयोग गर्दै आएको छ।


## विमा लेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाईफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको बिमा लेख मिति २०८२। २।२५ गते रामग्राम १६ लालपाटीदेखि परासी जाने क्रममा हराएको हुदाँ फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर वा सम्पर्कमा गरिदिनु हुन बिनम्र अनुरोध छ।

नाम : जसमती भर
ठेगाना : रामग्राम -१६ लालपाटि
बिमा लेख नं : २५११०५०३२
मोबाइल न : ९८११४०७०५९



## सच्याइएको

यस माउण्ट एभरेष्ट डिष्टिलरी प्रा.लि.को २०८२ आषाढ २५ गते यसै पत्रिकामा प्रकाशित मूल्य सूचिमा Rudra/Mala को R.D.Comm. रु. २५। हुनु पर्नेमा अन्यथा हुन गएकोले सच्याईएको व्यहोरा सम्वन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ।

**माउण्ट एभरेष्ट डिष्टिलरी प्रा.लि.**
**तिलोत्तमा न.पा., टिकुलीगढ, रुपन्देही**



## Road Infrastructure Development Office, Dang

# Invitation for Bids

**IFB No.: 11/081/082**

Date of publication: 15th July, 2025 (31st Ashar, 2082)

Road Infrastructure Development Office, Dang invites electronic bids from Nepalese eligible bidders for the Construction of Several Roads& Bridges Work in Dang district under National Competitive Bidding (NCB) procedures. Eligible Bidders may obtain further information through PPMO website www.bolpatra.gov.np/egp or on the office notice board or on the official website of this office ridodang.gov.np

**Senior Divisional Engineer**



Government of Lumbini Province
Ministry of Physical Infrastructure Development and Transport
Transport Infrastructure Directorate

## Road Infrastructure Development Office
Nawalparasi (Ba.Su.Pa.)

# Invitation for Bids

IFBNo: -3/RIDONAW/081-82 Date of Publication: 2082-03-31 BS

1. Road Infrastructure Development Office, Nawalparasi (Ba.Su.Pa.) invites electronic bids only from eligible bidders for following works under NCB bidding procedure. Only eligible bidders with the following key qualifications should participate in the bidding for the contracts mentioned below.

| S.N. | Project Name | Bid Doc. Fee (NRs.) | Bid Security Amount (NRs) | AACT (NRs.) | Construction Experience in key activities |
|---|---|---|---|---|---|
| 1 | Construction of ChautariKhola RCC Bridge, Along the Chaupatta -Prithibi basti-Chautari Tole-Siddarthnagar-Badhipidit Chok Road, West Nawalparasi, RIDONAW/BR/134/NCB/081-82/11 | 5,000.00 | 8,76,000.00 | 3,50,20,000.00 | At least 1 Multi-Cell Box Culvert within the last 10 years |
| 2 | Culvert Construction of Ratanpura Gaun Dekhi Paschim Nahar,Pratappur-07, Nawalparasi West, RIDONAW/ROAD/134/NCB/081-82/12 | 3000.00 | 2,05,000.00 | – | At least 1 multi-Cell Hume Pipe Culvert or above within the last 10 years. |
| 3 | Drain Construction works in Sunwal-4 Damodarkund to Sunwal Na.Pa. -1 Somnath Khola North Side ,Nawalparasi West., RIDONAW/ROAD/134/NCB/081-82/13 | 5000.00 | 9,85,000.00 | 4,72,60,000.00 | M20 Concrete=953 cum/year Formwork = 9645 Sqm/year |
| 4 | Construction of Approach Road to the Susta Suspension Trail Bridge (Susta- Anumaghat-Bigeptal - Madarbaba -Chuhadi - Tribeni Sadak). ,Nawalparasi West, RIDONAW/ROAD/134/NCB/081-82/14 | 5000.00 | 9,62,000.00 | 3,84,60,000.00 | At least 1 Multi-Cell Box Culvert within the last 10 years |
| 5 | Upgrading of Jitpur (RamgramNa.Pa.)-Barampurwa-Bairwa- BisanpuraRoad ,Nawalparasi West, RIDONAW/ROAD/134/NCB/081-82/15 | 5000.00 | 10,70,000.00 | 42,770,000.00 | Asphalt Concrete 369.00 Cum/year |

• Engineers Estimate of Contract in S.N.2 = NRs. 8,182,812.88

2.Revenue Account Details:

| Office Name | Bank Name | Bank Address | Account Number | Office code/ Revenue Heading No. |
|---|---|---|---|---|
| Provincial Treasury and Controller Office, Parasi | RastriyaBanijya Bank | Parasi Branch | 1000100200010000 (Rajaswa) | Office code: 3370147015 Revenue Heading no: 14229 |

3.Bidders are strongly Requested to mention thename of the Firm and the Contract ID in Revenue Voucher for Bid Document Fee. Noncompliance of this shall be ground for declaring the Bid NON-RESPONSIVE.

4.Any additional information or query regarding the bids can be acquired by downloading the bids from the e-GPsystem of PPMO or by writing us in ridonawalparasi@gmail.com



Lumbini Province Government
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate

## Road Infrastructure Development Office, Banke

# Invitation for Bids

**Invitation for Bids No: 09/081-82**
**Date of publication: July 15, 2025 (2082/03/31)**

1. Road Development Infrastructure Office, Banke invites electronic bids from eligible bidders for the construction of following Roads under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Road Infrastructure Development Office, Banke (Tel.:081-533005, email address: ridobanke@gmail.com) or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
Contract Details are as below:

| S.N | Name of Project | Contract ID | Average Annual Construction Turnover of the best 3 years with in last 10 Years | Minimum Work Experience of Similar size and nature (without VAT) (NRs.) | Bid Document Cost (NRs.) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | Asphalt Concrete Work of Raptisonari-7,Healthpost-Piprahawa-Gangapur-Matehiya Road,Banke | RIDO/BANKE/ROAD /W/NCB/133/ 081-82 | 5,55,00,000.00 | 2,96,00,000.00 | 5,000.00 | 20,00,000.00 |
| 2 | Asphalt Concrete Work of Baijnath Ga.Pa. Chyama Dekhi Khajura Ga.Pa. Ward No. 1 Radhapur Jodne Road,Banke | RIDO/BANKE/ROAD /W/NCB/134 /081-82 | 3,70,00,000.00 | 2,00,00,000.00 | 5,000.00 | 13,35,000.00 |
| 3 | Asphalt Concrete Work of Singhbhawani-Dangpuruwa-Chilneta- Bikasnagar-Naulapur-Baniyabhar Road | RIDO/BANKE/ROAD /W/NCB/ 135/081-82 | 3,71,00,000.00 | 2,00,00,000.00 | 5,000.00 | 13,30,000.00 |
| 4 | Asphalt Concrete Work of Nepalgunj-17,Paraspur Chowk to Sukha Bandargaha Road | RIDO/BANKE /ROAD /W/NCB/ 136/081-82 | 3,73,00,000.00 | 2,00,00,000.00 | 5,000.00 | 13,40,000.00 |
| 5 | Asphalt Concrete and Cross Drainage Works of Nepalgunj Upmahanagarpalika Ward no. 16 Jaispur Bhansar Dekhi Pachapokara Sai Gau Hudai Badhaiya Shivpuri Khajura Ga pa 1 Beldada Samma Road | RIDO/BANKE/ROAD/ W/NCB/137 /081-82 | 3,70,00,000.00 | 2,00,00,000.00 | 5,000.00 | 13,30,000.00 |
| 6 | Asphalt Concrete and Drainage Works of Chaulika Chowk- Bhalegaun-Bhatanpurba- Duduwa-2 Road | RIDO/BANKE /ROAD/ W/NCB/ 138/081-82 | 2,90,00,000.00 | 1,55,00,000.00 | 5,000.00 | 10,50,000.00 |

**Information to deposit the cost of bidding document in the Bank**

| Name of the Bank | Name of Office | Office Code no | Office Account no | Rajaswa (Revenue) Shirshak no. | Rajaswa Account No |
|---|---|---|---|---|---|
| Rastriya Banijya Bank, Nepalgunj, Bank | Road Infrastructure Development Office, Banke | 3370157015 [Road Infrastructure Development Office, Banke | 4130100202030000 (धरौटी खाता: कोष तथा लेखा नियन्त्रण कार्यालय) | 14229 | 1000100200010000 (Rajaswa Khata) |

रु.जि.हु.द.नं.१३/०६३/०६४
२०८२ असार ३१ गते, मंगलबार
Tuesday July. 15, 2025
न.प.जि.प्र.का.द.नं.४/०४५/०४६
दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



**धानको बिउ ब्याडमै :**
रूपन्देहीको सिद्धार्थनगर-९ मा अवस्थित ब्याडमै राखिएको धानको बिउ। असारको अन्तिम समय हुँदा समेत धान रोपाइँको लागि पर्याप्त सिँचाइ नभएकोले धानको बिउ काटेर ब्याडमै संचित गरी राखिएको हो। *तस्विरः मोहम्मद हबिब*

# जिल्लामा विभिन्न स्थानीय तहहरूमा अनुगमन

परासी। कृषि ज्ञान केन्द्र नवलपरासी पश्चिमले सञ्चालन गरेका कार्यक्रमहरुको जिल्लामा विभिन्न स्थानीय तहहरुमा अनुगमन गरिएको छ। अनुगमन टोलीले कार्यालयले आर्थिक वर्ष २०८१ /०८२ सञ्चालन गरेका कार्यक्रमको अनुगमन गरेको हो।

विभिन्न सरोकारवालाको सहभागितामा रहेको अनुगमन टोलीले विभिन्न सहकारी संस्थाले सञ्चालन गरेको बालीबस्तु विषेश सघन व्यवसायिक उत्पादनअन्तरगत मकै खेतीबाट भएको उपलब्धि, व्यवसायिक तरकारी प्रवर्धन कार्यक्रम, बर्दघाटको दाउन्ने मौरी पालन व्यवसाय र रामग्राम १७ र ४ मा रहेको धानजोन कार्यक्रम, र कृषि औजार वितरणबाट भएका उपलब्धिका बारेमा जानकारी लिएको कृषि ज्ञानकेन्द्र नवलपरासीका कृषि अधिकृत नविनराज घिमिरेले बताए।

कृषि ज्ञानकेन्द्र परासीले आर्थिक वर्ष २०८१/०८२ सञ्चालन गरेका कार्यक्रमबाट आफूहरुले फाइदा लिनसकेको लालीगुराँस कृषक समूह रामग्राम १७ फूलबरीयाकी सचिव कुमारी दिलमाया चौधरीले बताइन्।

अनुगमनका क्रममा व्यवसायिक तरकारी खेती गरेका किसानहरुले आफूहरुले उत्पादन गरेका तरकारीको बजार पाउन नसकेको गुनासो गरेका छन्।

विगत दश वर्षदेखि व्यवसायिक तरकारी खेती गर्दै आएका सुनवल नगरपालिका ३ किर्तिपुरका किसान खर्कबहादुर पुनले आफूले उत्पादन गरेका तरकारीले बजार पाउन नसकेको बताएका थिए।

सरकारले दिने अनुदानले आफूहरुलाई उत्साहित बनाएको भए पनि उत्पादन गरेका तरकारीले बजार नपाउँदा समस्या हुने गरेको र व्यपारीहरुकै मूल्यमा आफ्ना उत्पादन बिक्री गर्न बाध्य हुनुपरेको उनले गुनासो गरे।

त्यस्तै बर्दघाट नगरपालिका १ पुर्नवासका दाउन्ने मौरी पालन गर्दै आएका पशुपति पोखरेलले भारतीय नक्कली महका कारण आफूहरु समस्यामा पर्दै आएको बताए। भारतीय नक्कली मह व्यपार गर्नेहरुलाई कारबाही गरेपछि आफूले उत्पादन गरेको महको बजार राम्रो रहेकोमा उनले खुशी व्यक्त गरे।

# आठ लाख १६ हजार ४०५ हेक्टरमा रोपाइँ सम्पन्न

बुटवल। देशभर हालसम्म करिब ५९ प्रतिशत धान रोपाइँ भएको छ। कृषि विकास मन्त्रालयका अनुसार यही असार २९ गतेसम्म आठ लाख १६ हजार ४०५ हेक्टर जमिनमा रोपाइँ भएको हो। गत वर्षको तुलनामा झण्डै ८ प्रतिशतले रोपाइँमा कमि आएको हो।

प्रतिशतका हिसाबले सबैभन्दा बढी सुदूरपश्चिम प्रदेशमा करिब एक लाख ६४ हजार हेक्टरमा रोपाइँ भएको छ। उक्त प्रदेशमा ९३ प्रतिशत रोपाइँ भएको जनाइएको छ।

कर्णाली प्रदेशमा ६४ हजार हेक्टरमा रोपाइँ सकिएको छ। यहाँ ८३ प्रतिशत रोपाइँ भएको छ। लुम्बिनी प्रदेशमा दुई लाख २३ हजार हेक्टरमा रोपाइँ सम्पन्न भएको छभने प्रतिशतका हिसाबले ७३ प्रतिशत रोपाइँ भएको हो।

गत वर्ष सोही अवधिमा करिब ६७ प्रतिशत धान रोपाइँ भएको थियो। मन्त्रालयले आइतबारसम्म सङ्कलन गरेको तथ्याङ्कअनुसार देशका केही भागमा रोपाइँ जारी छ। आगामी साउनको अन्तिम सातासम्म ९८ प्रतिशत रोपाइँ हुने अनुमान गरिएको छ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीका अनुसार धान उत्पादन तथा क्षेत्रफलका हिसाबले तराई क्षेत्र राम्रो मानिन्छ। त्यस क्षेत्रबाट धानको उत्पादकत्वसमेतमा वृद्धि भई कूल उत्पादनको ७० प्रतिशत योगदान छ। पहाडी क्षेत्रमा ३० प्रतिशत उत्पादन हुने गरेको छ। गत आर्थिक वर्ष २०८०/८१ मा ५७ लाख २४ हजार २३४ मेट्रिकटन धान उत्पादन भएको थियो। मौसमको प्रतिकूलता, दैवी प्रकोप, अतिवृष्टि तथा अनावृष्टिले रोपाइँमा नकारात्मक प्रभाव परी कतिपय क्षेत्रमा ढिलो रोपाइँ हुने गरेको छ।

मुलुकमा करिब १४ लाख हेक्टर जमिनमा रोपाइँ हुने गर्दछ। पछिल्लोपटक विकास भएका ज्ञान, सीप, प्रविधि तथा उन्नत जातका बीउबिजनको विकासका कारण उत्पादन वृद्धि हुने अनुमान छ।

धान उत्पादनमा करिब १० प्रतिशतले घटबढ भएमा मुलुकको कूल गार्हस्थ्य उत्पादनमा एक प्रतिशतले घटबढ हुने जनाइएको छ। यसवर्ष स्वदेशमा उत्पादन हुने अनुमान गरिएको ६० लाख मेट्रिकटन धानबाट करिब ३५ लाख मेट्रिकटन खानयोग्य चामल बन्ने मन्त्रालयको भनाइ छ।

# स्वास्थ्यको समान पहुँच पुऱ्याउन निःशुल्क स्वास्थ्य बिमा




वालिङ। स्याङ्जाको कालीगण्डकी गाउँपालिकाले पालिकाभित्रका सबै नागरिकको निःशुल्क स्वास्थ्य बिमा गरिदिएको छ। गाउँपालिकाले चालु आर्थिक वर्ष २०८१/०८२ मा पालिकाभित्र रहेका चार हजार पाँच सय ४३ घरधुरीका नागरिकको निःशुल्क बिमावापतको रकम रु एक करोड ७२ लाख भुक्तानी गरेको छ।

गाउँपालिकाभित्र बसोबास गर्ने पालिकावासीको स्वास्थ्य सेवामा पहुँच पुऱ्याउने उद्देश्य राख्दै कालीगण्डकी गाउँपालिकाले पालिकाका सबै नागरिकको निःशुल्क स्वास्थ्य बिमा गरिदिएको हो। निःशुल्क स्वास्थ्य बिमा गरेसँगै पालिकाले चालु आर्थिक वर्ष २०८१/८२ मा एक करोड ७२ लाख ७२ हजार एक सय ५० स्याङ्जास्थित स्वास्थ्य बिमा कार्यालयमा भुक्तानी गरेको गाउँपालिकाका निःशुल्क बिमा कार्यक्रममा कार्यरत दुर्गा पाण्डेले जानकारी दिए।

सात वटावडा रहेको कालीगण्डकी -१ मा सात सय ७२ घरधुरी, वडा नं. २ मा सात सय २६ घरधुरी, वडा नं. ३ मा पाँच सय ८३, वडा नं. ४ मा छ सय ६८, वडा नं. ५ मा छ सय ८०, वडा नं. ६ मा पाँच सय ८८ र वडा नं. ७ मा पाँच सय २६ गरी कूल चार हजार पाँच सय ४३ घरधुरीको निःशुल्क स्वास्थ्य बिमा गरिदिएको हो।

गाउँपालिकाले पहिलो चरणमा एक हजार ६१७ घरधुरीको बिमावापत ६१ लाख ७७ हजार १५० भुक्तानी गरेको थियो। दोस्रो चरणमा दुई हजार एक सय ८३ घरधुरीका लागि ८२ लाख रु ७० हजार ५००, तेस्रो चरणमा तीन सय ९९ घरधुरीका लागि १४ लाख ९२ हजार ५० र चौँथो तथा अन्तिम चरणमा तीन सय ४४ घरधुरीको बिमावापत १३ लाख ३२ हजार चार सय ५० भुक्तानी गरेको उनले जानकारी दिए।

गाउँपालिकाका सात वटै वडाका चार हजार पाँच सय ४३ कूल घरधुरीलाई निःशुल्क स्वास्थ्य बिमा कार्यक्रममार्फत् समेटिएको गाउँपालिकाका अध्यक्ष खिमबहादुर थापाले बताए। गाउँपालिकाले नागरिकको स्वास्थ्य बिमा नवीकरणवापत प्रत्येक तीन/तीन महिना गरी चार चरणमा रकम भुक्तानी गरेको हो। "गाउँपालिकाका प्रत्येक सात वटै वडामा बिमा अभिकर्ताहरु हुनुहुन्छ," अध्यक्ष थापाले भने-"अभिकर्ताहरुले घर घरमा पुगेर फोटो खिच्ने तथा रसिद काटेर ल्याउनुहुन्छ, तीनै रसिदहरुका आधारमा तथ्याङ्क यकिन गरी स्वास्थ्य बिमा कार्यालय स्याङ्जामा पालिकाबाट सिधैं भुक्तानी गर्छौं।"

एक जनादेखि पाँच जनासम्मको परिवारलाई रु तीन हजार ५०० भुक्तानी गर्ने उनले बताए। पाँच देखिमाथि परिवार संख्या भएको घरधुरीलाई प्रतिसंख्याका आधारमा सात सय थप गरिएको हो।गाउँपालिकाले आर्थिक वर्ष २०७८/०७९ देखि निःशुल्क स्वास्थ्य बिमा कार्याक्रम कार्यान्वयनमा ल्याएको अध्यक्ष थापाले बताए।

"स्वास्थ्यको पहुँच नभएर गाउँपालिकाभित्रका नागरिक उपचारका लागि अस्पताल जान नसक्ने अवस्था नहोस्, सबैलाई स्वास्थ्यको समान पहुँच पुगोस् भन्ने उद्देश्यले निःशुल्क स्वास्थ्य बिमा कार्यक्रम अगाडि सारेका हौं," अध्यक्ष थापाले भने-"आव २०७८/७९ बाट सुरु भएको कार्यक्रमले निरन्तरता पाइराख्ने छ।"

गाउँपालिकाभित्रका नागरिकले स्वास्थ्य बिमाका अलावा गाउँपालिका मातहतमा मिर्मिमा सञ्चालनमा रहेको कालीगण्डकी अस्पतालबाट दिइने स्वास्थ्यसम्बन्धी उपचार तथा औषधि निःशुल्क प्राप्त गर्दै आइरहेका छन्।

**आकर्षक डिजाइन तथा छपाई**
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
**आइडिया डिजाइनर्स/अफसेट प्रेस**
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com






**Province Government**
**Lumbini Province**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**

## Road Infrastructure Development Office,

**Bardiya Gulariya, Nepal**

## Invitation for Bids

**IFB No: 11/081-82**

(First date of Publication: 2082/03/31,(2025-07-15)

1. Lumbini Province Government has allocated funds towards the cost for improvement of Roads and intends to apply part of the funds to cover eligible payments under the Contract for construction of Roads under National Competitive Bidding (NCB)-Single Stage Two Envelope Bidding Procedures.
2. Road Infrastructure Development Office, Bardiya, Gulariya invites only electronic bids from eligible bidders for the construction of following contractmentioned in the table below:-

| S.N | Name of Works | Contract ID | Average Annual Construction Turnover | Bid Doc. Fees | Bid Security Amt. | Specific construction experience |
|---|---|---|---|---|---|---|
| 1 | 11.9.1.1100 Badhaiyataal Pahunch Marg Nirman Karya | RIDO/BARDIYA/ W/NCB/ROAD/ 152/081-82 | AACT best three years with in last 10 years. NRs 640,000,000.00 | NRs. 5000.00 | NRs. 11,00,000.00 | Minimum one no of Bituminous Road contract within last 10 years with the value of at least NRs 1,75,00,000.00(One Corer Seventy Five Lakh Only) |
| 2 | 11.9.1.131 Tigradekhi Pryagpur Krantipur Sindura Purano Bastihudai Sohariya Samma Sadak Staronnati Rajapur Na.Pa. 3 | RIDO/BARDIYA/ W/NCB/ROAD/ 153/081-82 | AACT best three years with in last 10 years. NRs 640,000,000.00 | NRs. 5000.00 | NRs. 11,00,000.00 | Minimum one no of Bituminous Road contract within last 10 years with the value of at least NRs 1,75,00,000.00(One Corer Seventy Five Lakh Only) |
| 3 | 11.4.1.730 Madhuwan na.pa. ward no 2 Orali Bazzar dekhi thakur baba na.pa. 9 jodne adhuro batonali nirman | RIDO/BARDIYA/ W/NCB/ROAD/ 154/081-82 | AACT best three years with in last 10 years. NRs 550,000,000.00 | NRs. 5000.00 | NRs. 18,50,000.00 | Minimum one no of Bituminous Road contract within last 10 years with the value of at least NRs 2,95,00,000.00(TwoCorer Ninety Five Lakh Only) |
| 4 | 11.7.1.922 JharnaiyaKhola Sadak Pul Auri dekhi MRM Sadak Jodne Barbardiya-8 | RIDO/BARDIYA/ W/NCB/BRI/ 155/081-82 | AACT best three years with in last 10 years. NRs 430,000,000.00 | NRs. 5000.00 | NRs. 14,50,000.00 | Minimum one no of Motorable Bridge/Box Culvert having span at least 25 m or above with pile foundation within last 10 years with the value of at least NRs 2,30,00,000.00(Two Corer Thirty Lakh Only) |

Information to deposit the cost of bidding document in the Bank and Bid Security amount

| Name of the Bank | Name of Office | Office Code No. | Office Account No. | Rajaswa (revenue) Shirshak no. | Rajaswa Account No. |
|---|---|---|---|---|---|
| RastriyaBanijya Bank Gulariya, Branch. | Road Infrastructure Development Office, Bardiya, Gulariya | 3370158015 | 4140100202030000 | 14229 | 1000200010000 |

Information about the key dates

| Last Date of Bid document purchasing | Last Date of Bid Submission | Date and time of Bid Opening | Pre-Bid Meeting | Bid Validity Period | Bid Security Validity Period |
|---|---|---|---|---|---|
| 2082/04/29 (2025-08-14) at 12:00 Noon. | 2082/4/29 (August 14, 2025 at 12:00 Noon. | 2082/4/29 (August 14, 2025 at 01:00 PM. | 2082/04/19 (August 04, 2025) at 11:00 AM. | 90 days | 30 days beyond the validity period of bid i.e. 2082/08/25, December 11, 2025) |

3. Eligible Bidder may obtain further information on bidding document at office of Road Infrastructure Development Office, Bardiya Gulariya or visit PPMO´s website http://www.bolpatra.gov.np/egp

**Office chief**

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com